# दलित समुदाय उत्थान तथा अधिकार सम्बन्धि ऐन, २०८०

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## मेलौली नगरपलिका
## नगर कार्यपालिकाको कार्यालय
### मेलौली, बैतडी

नगर सभावाट पारित मिति :-२०८०/१०/२५

प्रमाणिकरण मिति :-२०८०/१०/२५

# दलित समुदाय उत्थान तथा अधिकार सम्बन्धि ऐन, २०८०

## मेलौली नगरपालिका, बैतडी

मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**प्रस्तवना :**

जातीय बिभेद तथा छुवाछूतलाई राज्यले सामाजिक अपराधको रुपमा लिई सकेको र आर्थिक, सामाजिक रुपमा पछाडी पारिएका समुदायको उत्थान तथा अधिकारका लागि समाजवाद उन्मूल शासन प्रणाली अवलम्बन गर्नु स्थानीय सरकारको मान्यता समेत भएकोले यस गाउँपालिका क्षेत्रभित्र जातीय समानता र समृद्धिका लागि निश्चित मापदडको आवश्यक्ता परिपुर्ति गर्न मेलौली नगरसभाले स्थानीय सरकार नेपालको संबिधान २०७२ को धारा २२६ बमोजिम दलित समुदाय उत्थान तथा अधिकार सम्बन्धि ऐन २०८० जारी गरेको छ ।

**१. नाम र प्रारम्भ :**

क. नाम : यस ऐनको नाम दलित समुदाय उत्थान तथा अधिकार सम्बन्धि ऐन २०८० रहनेछ ।

ख. प्रारम्भ : मेलौली नगरपालिका नगरसभाले स्वीकृत गरेपश्चात यो कार्यबिधि प्रारम्भ भएको मानिनेछ ।

**२.परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले मेलौली नगरपालिकाले नेपालको संबिधान २०७२ को धारा २२६ बमोजिम तयार गरेको दलित समुदाय उत्थान तथा अधिकार सम्बन्धि ऐन २०८० बुझाउनेछ ।

(ख) "दलित" सामाजिक परम्पराका नाममा जातीय छुवाछूत तथा बिभेदमा परेको जाती, समुदायलाई बुझाउनेछ ।

(ग) "निर्णायक तह" भन्नाले मेलौली नगरपालिका अर्न्तगत आर्थिक, सामाजिक, सांस्कृति, शैक्षिक, पर्यावरणीय बिकास तथा उत्थानका लागि हुने बिभिन्न समिति, उपसमिति, समुहलाई बुझाउनेछ ।

(घ) "सांस्कृतिक पहिचान" भन्नाले दलितहरुको परम्परागत सीप, कला र क्षमताको पहिचानलाई बुझाउनेछ । (ङ) "मापदण्ड" भन्नाले दलित समुदाय उत्थान तथा अधिकार सम्बन्धि कार्य गर्दा सर्म्बान्धित समिति, उप्रसमिति वा स्थानीय सरकारले निर्धारण गर्ने मापदण्ड सम्झिनु पर्छ ।

(च) "समिति" भन्नाले दलित समुदाय उत्थान तथा अधिकार सम्बन्धि कार्य गर्न स्थानीय सरकारले निर्माण गर्ने समिति, उपसमिति, समुह, कार्यदल वा स्थानीय आयोगलाई बुझाउनेछ ।

(छ) "सरोकारवाला" भन्नाले दलित समुदाय उत्थान तथा अधिकार सम्बन्धि कार्यमा भूमिका देखिने सरकारी, गैरसरकारी संस्था, कार्यालय वा ब्यक्तिलाई बुझाउनेछ ।

(ज) "बिज्ञ" भन्नाले दलित समुदाय उत्थान तथा अधिकार सम्बन्धि अनुभव भई यस ऐन कार्यान्वयन प्रक्रियामा योगदान गर्न सक्ने क्षमतावान ब्यक्ति सम्झिनुपर्छ ।

नगर सभाबाट पारित मिति :-२०८० १० २५
प्रमाणिकरण मिति :-२०८० १० २५

भीम बहादुर चन्द
नगर प्रमुख

(झ) "अधिकारग्राही समुदाय" भन्नाले यस ऐन बमोजिम लाभ लिनको लागि हक राख्ने दलित समुदाय सम्झिनु पर्छ।

(ञ) "सहयोगी/साझेदार" भन्नाले दलित समुदाय उत्थान तथा अधिकार सम्बनिध ऐन अनुरुप प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने व्यक्ति, संस्था, संगठनहरुलाई बुझाउनेछ।

**(३) उद्देश्य :**

क. दलित समुदायको पहिचान, उत्थान र अधिकारका सवालमा मेलौली नगरकार्यपालिकाको दृष्टीकोण र योजना निर्दिष्ट गर्ने।

ख. नगरकार्यपालिकाको दृष्टिकोण र योजनामा सरोकारवाला निकाय तथा दलित समुदाय स्वयंको भूमिका किटान गरि अभ्यासमा ल्याउने।

ग. दलित समुदायको उत्थान र अधिकार लागि सम्भावित गतिबिधि र स्रोतको परिचालनको बिषयमा मार्गनिर्देश गर्ने।

घ. सिर्जनात्मक सोच र अभ्यासमा आधारित नीति र योजना बनाई सामाजिक रुपान्तरणको अभियान सञ्चालन गर्ने।

**(४) दलित समुदायको उत्थान तथा अधिकारको योजना :** मेलौली नगरपालिकाले दलित समुदायको उत्थान तथा अधिकार लागि सिर्जनात्मक योजना निर्माण गरि स्थानीय सरकार, सरोकारवाला र अधिकारग्राही समुदायको संलग्नतामा कार्यानवयन गर्नेछ। जुन यस ऐनमा तोके बमोजिम हुनेछ।

**४.१ जातीय भेदभाव अन्त्य :** मेलौली नगरपालिकालेजातीय बिभेद तथा छुवाछूत अन्त्यका लागि स्थानीय योजना बनाई कार्यान्वयनमा ल्याउनेछ। यस अभियानलाई सरकार, समुदाय र सरोकारवालको साझा योजना बनाई चरणबद्ध रुपमा सञ्चालन गरिनेछ। जस अर्न्तग निम्न कार्यहरु गरिनेछन।

**क. जातीय बिभेद बिरुद्ध सचेतीकरण** :

- जातीय छुवाछूत भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐनमा भएका व्यवस्था र सावधानीका बिषयमा सञ्चार माध्यमबाट सुचना प्रकाशन प्रसारण गर्ने।
- नगरपालिका र मातहतका कार्यालयबाट हुने कार्यक्रममा जातीय भेदभाव तथा कसुर र सजाय सम्बन्धि जानकारी दिने।
- बिद्यालय, स्वास्थ्य संस्था लगायत सरकारी र गैरसरकारी संस्थाका कार्यालयमा जातीय विभेदको व्यवहारलाई निरत्साहित गर्ने गरि "जातीय बिभेद तथा छुवाछूत सामाजिक अपराध हो, कसैले पनि नगरौं" जस्ता खालका सन्देश लेखी सबैले देख्न ठाउँमा राख्ने।
- स्थानीय जनप्रतिनीधि, दलित समुदायको पक्षमा क्रियाशील सामाजिक अभियन्तहरुले आफु सहभागि भएको सार्वजनिक कार्यक्रममा जातीय बिभेदको बिषयमा नगरपालिकाले लिएको नीतिबारे जानकारी गराउने।
- जातीय बिभेद बिरुद्ध सन्देश दिने गरि डेउडा, प्रबचन, निबन्ध लेखन, बक्तृत्व प्रतियोगिता जस्ता प्रतिस्पर्धात्मक कार्यक्रम आयोजना गर्ने।

नगर सभावाट पारित मिति :-२०८० १० २५
प्रमाणिकरण मिति :-२०८० १० २५

भीम बहादुर चन्द
नगर प्रमुख

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदुरपश्चिम प्रदेश, नेपाल
२०७४

**ख. सामाजिक व्यवहार सुधार अभियान :**

- जातीय बिभेदलाई प्रोत्साहन हुने खालका गतिबिधि अन्त्य गर्न दलित समुदायभित्र भएका सकारात्मक र नकारात्मक कार्य(पेशा, खानपान, सांस्कृतिक मान्यता)को बिश्लेषण गरि सुधारमूलक कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
- दलित बस्तीहरुमा स्वास्थ्य तथा सरफाई अभियान सञ्चालन गरि बिद्यमान अवस्था र व्यवहारमा सुधार गर्ने ।
- दलित बस्तीमाहरुमा जुवा, तास, मदिरा सेवन जस्ता मनोरञ्जात्मक कार्यहरु गर्दा हुने झैझगडा, महिलहिंसा, बालश्रम, बालहिंसा जस्ता घटना न्युनिकरण गर्न समुदाय तहको सुधार योजना बनाई कार्यान्वयन गर्ने ।
- दलित बस्तीहरुलाई हिंसारहित टोल, स्वच्छ टोल, बालश्रम मुक्त टोल, शान्तिटोल, हरियाली टोल, उद्यमी टोल घोषणा गर्ने । यस्ता टोल घोषणका लागि मापदण्ड बनाउने । यस्ता टोल घोषणा कार्यमा उत्कृष्ट कार्य गर्ने टोललाई प्रोत्साहन योजना मार्फत सम्मान गर्ने ।

**ग. जातीय भेदभाव तथा छुवाछूत रहित स्थान घोषणा :**

- सकारी कार्यालय, गैरसरकारी संस्थाका कार्यालय, बिद्यालयहरुलाई जातीय भेदाभाव रहित स्थल घोषणा गर्ने ।
- सचेतीकरण अभियानको प्रभावका आधारमा सबै टोल, बस्तीहरुलाई जातीय भेदभाव तथा छुवाछूत रहित स्थल घोषणा गर्ने ।
- धार्मिक तथा सांस्कृतिक स्थलहरु, धार्मिक तथा सांस्कृतिक कार्यहरुलाई पनि क्रमश: जातीय भेदभाव तथा छुवाछूत रहित घोषणा गर्ने ।
- यसरी घोषणा हुने टोलमा स्थानीय सरकारले प्रोत्साहन स्वरुप योजना घोषणा गर्ने । जस्तो जातीय भेदभाव रहित टोल घोषणा भएको ठाउँलाई बिकासका योजनामा प्राथमिकतामा दिने । सरकारी सेवा सुबिधामा सहुलियत दिने ।

**४.२ आयमूलक काम तथा जिविका सुधार** : मेलौली नगरपालिकाले दलित समुदायको उत्थान र अधिकारका सवालमा सहयोगी हुने गरि आयमूलक काम तथा जिविका सुधारका मौलिक योजना बनाई कार्यान्वयन गर्नेछ । जस अन्तर्गत निम्न कार्य गरिनेछन ।

**क. परम्परागत सीप परिक्षण र प्रमाण पत्र :** दलित समुदायका व्यक्तिहरुमा पुर्ख्यौली रुपमै प्राविधिक क्षमता भएको तर त्यसको परिक्षण र प्रमाण नहुँदा उनीहरुका पेशा र जिविका जोखिममा पर्ने खतरा भएकाले सिटिईभिटी वा घरेलु तथा साना उद्योग कार्यालयसंगको सहकार्यमा दलित समुदायका परम्परागत सीप (घर बनाउने, काठको सामग्री बनाउने, कृषि औजार बनाउने, छालाका सामग्री बनाउने, गरगहना बनाउने, कपडा सिउने)परिक्षण गराई प्रमाण पत्र उपलब्ध गराउने ।

**ख. सीपको आधुनिकीकरण :** अधिकाँश दलित परिवारमा परम्परागत सीप नै जिविकोपार्जनको आधार भएको र त्यसलाई आधुनिक रुपमा बिकास गरि थप उत्पादनशील तथा मुल्यवान बनाउनु आवश्यक भएकाले सम्भावित उद्यम र रोजगारीका अवसर बिचार गरि प्राथमिकता क्रममा सीप बिकास तालिम सञ्चालन गर्ने ।

नगर सभाबाट पारित मिति :-२०८० १० २५
प्रमाणिकरण मिति :-२०८० १० २५

भीम बहादुर चन्द
नगर प्रमुख

**ग. उर्जा र प्रबिधिमा सहयोग** : कृषि र भौतिक निर्माणसंग सम्बन्धित सीपको माग बढ्दो क्रममा रहेको र बिद्यमान सीप तथा शैलीबाट अबको माग पूरा गर्न, पेशा व्यवस्थापन गर्न र पेशेवर व्यक्तिको जिविका धान्न कठिन हुँदै गएकाले पेशालाई आधुनिक प्रबिधियुक्त बनाउन आधुनिक मेसिन खरीद, बिधुत/उर्जा जडान, उद्यम स्थल निर्माण जस्ता कार्यमा सहयोग पुर्‍याउने ।

**घ. उद्यमका लागि सहजीकरण** : दलित समुदायमा भएका सीप र कलालाई बैधानिक प्रक्रिया मार्फत व्यवस्थापन गर्न उनीहरुलाई परम्परागत सीप र कलामा आधारित उद्यम(कृषि औजार निर्माण उद्योग, सिलाई उद्योग, काष्ठ उद्योग, भवन निर्माण फर्म,सांस्कृतिक समुह) दर्ता र सोको व्यवशायीकरणमा सहयोग गर्नेछ ।

- माथी उल्लेखित सहुलियतका लागि नगरपालिकाले सीप सिक्न, उद्यम सञ्चालन गर्न र प्राबिधिक सहयोग उपलब्ध गराउनका लागि सुचना प्रकाशन गरि निवेदन आह्वान गर्नेछ ।
- प्राप्त निबेदनको आधारमा उपयुक्त व्यक्ति वा समुह छनौट गरि उद्यम योजनाको आधारमा सहयोगको सिमा निर्धारण गर्नेछ ।
- तालिम, उर्जा र प्रबिधि सहयोग तथा उद्यम दर्ताका लागि नगरपालिकाले छुट्टाछुट्टै फारम उपलब्ध गराउनेछ ।
- निबेदन छनौटका लागि गाउँपालिकाले सम्बन्धित बिषयका अनुभवी व्यक्तिहरुको सहभागितामा छनौट समिति निर्माण गर्नेछ ।

**४.३ समतामूलक नीति अबलम्बन** : मेलौली नगरपालिकाले दलितहरुको आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउन समानता र समतामा आधारित योजना सञ्चालन गर्नेछ । जसका लागि निम्न प्रक्रिया अबलम्बन गरिनेछ ।

**क. निर्णायक तहमा सहभागिता** : मेलौली नगरपालिका अर्न्तगत हुने बिकास वा सेवासंग सम्बन्धित समिति, उपसमितिहरुमा दलितको प्रतिनीधित्व गराईनेछ । दलित अधिकारका सवालमा बन्ने समिति, उपसमिति वा समुहमा दलितहरुको नेतृत्व र बहुमत सदस्य संख्या रहनेछ ।

**ख. अवसरमा प्राथमिकता** : नगरपालिका अर्न्तगत हुने आयमूलक काम, स्वरोजगारमूलक काम वा रोजगारीका अवसरमा दलित समुदायका ब्यक्तिलाई प्राथमिकता दिईनेछ ।

**ग. सहुलियतपूर्ण मापदण्ड निर्माण** : आयमूलक, स्वरोजगारमूलक योजना वा रोजगरीका लागि ब्यक्ति छनौट प्रक्रियामा दलित समुदायका लागि सहुलियतपूर्ण मापदण्ड अपनाईनेछ । यस्तो प्रक्रिया १० वर्षसम्म मात्र कायम रहनेछ ।

**४.४ अवास र उत्पादनका साधनमा पहुँच** : मेलौली नगरपालिकाले सबै नागरिकहरको सुरक्षित अवास र जिविकोपार्जनको बिषयलाई आधारभूत अधिकारको रुपमा लिई ब्यवस्थापन गर्नेछ । दलितहरुको अवस्था झनै संबेदनशील भएकाले यसलाई निम्न प्रक्रिया अवलम्बन गरि प्रथामिकतासाथ कार्यान्वयन गर्नेछ ।

**क. भूपरिवेश परिवेश अध्ययन** : मेलौली नगरपालिकाले आफ्नो क्षेत्रभित्रको भूपरिवेश अध्ययन गरि आवासबिहीन वा जोखिमपूर्ण अवासमा रहेका परिवार तथा आवासका लागि उपयुक्त हुने जग्गा र कृषियोग्य जग्गा पहिचान गर्नेछ ।

नगर सभाबाट पारित मिति :-२०८० १० २५
प्रमाणिकरण मिति :-२०८० १० २५

भीम बहादुर चन्द
नगर प्रमुख

**ख. सामुदायिक भूउपयोग** : भूपरिवेश अध्ययनबाट प्राप्त तथ्याङ्क र सम्भावनाका आधारमा नगरपालिकाले सामुदायिक भूपयोग योजना बनाई उपयुक्त अवास र जिविकोपार्जनका लागि जग्गा उपलब्ध गराउनेछ । यसका लागि सामुदायिक भूमि व्यवस्थापन अभ्यास लागु गरिनेछ ।

**४.५ शिक्षामा प्रोत्साहन** : तुलनात्मक रुपमा शिक्षामा कम पहुँच भएको दलित समुदायका लागि शिक्षा आर्जनका लागि प्रतिस्पर्धाको अवसर सिर्जना गर्नेछ । यसका लागि निम्न प्रक्रिया अवलम्बन गरिनेछ ।

- दलित बिद्यार्थीहरुलाई माध्यमिक तहसम्म निशुल्क शिक्षाको नीति कार्यान्वयन गर्ने ।
- उत्कृष्ट तथा न्युन आर्थिक अवस्था भएको बिद्यार्थीलाई उच्च शिक्षाका लागि पूर्ण छात्रबृति उपलब्ध गराउने ।
- प्राबिधिक शिक्षांमा आंशिक छात्रबृतिको ब्यवस्था मिलाउने ।
- सामुदायिक साक्षरता अभियान सञ्चालन गरि प्रौढहरुलाई साक्षर बनाउने ।

यस कार्यलाई व्यवस्थित र नतिजामूलक बनाउन तथा छात्रबृतिका लागि बिद्यार्थी छनौट गर्न नगरपालिकाले निम्न प्रक्रिया अवलम्बन गर्नेछ ।

- बिद्यार्थी र अभिभावकको अवस्था बुझ्न बिद्यालय भर्ना अभियानमा जनप्रतिनीधि परिचालन गरि वस्तुगत अनुगमन गर्ने ।
- आवधिक रुपमा बिद्यालयबाट उत्कृष्ट बिद्यार्थीहरुको शैक्षिक प्रगती र अनुशासनको बिवरण लिई सो का आधारमा सहुलियतको योजना बनाउने ।
- परिक्षामा बिद्यार्थीले ल्याउने अंक र बिद्यालयको बिद्यार्थी मुल्यांकनको दस्तावेजीकरण अध्ययन गरि मापदण्ड निर्माण गर्ने ।

**४.६ समावेशी योजना र समानुपातिक बजेट** : दलित समुदायको आर्थिक समृद्धि र सामाजिक बिकासलाई संगसंगै लैजान स्थानीय तह अर्न्तगतका सवालगत सबै कार्यालय र संस्थाहरुले दलितहरुको जनसंख्याको आधारमा लक्ष्य केन्द्रित योजना बनाई कार्यान्वयन गरिनेछ । जस्तो शिक्षा शाखले दतिल बालबालिकाको शिक्षा ।कृषि शाखाले दलित किसान, महिला बालबालिका शाखाले दलित महिला र बालबालिका केन्द्रित कार्यक्रम बनाउने छन ।

**५. ऐन कार्यान्वयनका लागि समित गठन** : मेलौली नगरपालिकाले यस ऐन कार्यान्वयनका लागि निर्देशन समिति र कार्यानवयन समिति गठन गर्नेछ ।

**५.१ निर्देशन समिति गठन प्रक्रिया :** निर्देशन समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन ।

| | |
|---|---|
| क. नगरप्रमुख | संयोजक |
| ख. नगर उपप्रमुख | सह संयोजक |
| ग. वार्डअध्यक्ष (सबै) | सदस्य |
| घ. कार्यपालिका सदस्य(दलित) | सदस्य |

नगर सभावाट पारित मिति :-२०८० १० २५
प्रमाणिकरण मिति :-२०८० १० २५

भीम बहादुर चन्द
नगर प्रमुख

ङ. दलित अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति मध्येबाट निर्देशन समितिले मनोनित गरेको १ महिला १ पुरुष सदस्य

च. प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

**५.२ निर्देशन समितिको काम, मर्तब्य अधिकार** : दलित समुदायको उत्थान तथा अधिकार सम्बन्धि ऐन कार्यान्वयन गर्न निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. यस ऐन अनुसारका योजना निर्माण र कार्यान्वयनका लागि कार्यान्वयन समितिलाई निर्देश गर्ने ।

ख. कार्यान्वयन समितिले तयार गरेको योजना र बजेट स्वीकृत गर्ने ।

ग. ऐन अनुसार समुदायमा भएको प्रगती अनुगमन र पृष्ठपोषण गर्ने ।

घ. ऐन संशोधन, परिमार्जन तथा यस अर्न्तगत मापदण्ड स्वीकृत गर्ने ।

**५.३ ऐन कार्यान्वयन समिति गठन प्रक्रिया** : यस ऐन कार्यान्वयनका लागि एक कार्यान्वयन समिति/कार्यदल/आयोग गठन हुनेछ । जसमा देहाय बमोजिमका पदाधिकारी रहनेछन ।

क. नगरसभा सदस्य वा बिज्ञमध्येबाट कार्यपालिकाले निर्णय गरेका व्यक्ति अध्यक्ष

ख. नगरपालिकाको सामाजिक बिकास समितिका सदस्यमध्येबाट एक जना सदस्य

ग. दलित अधिकारको क्षेत्रमा क्रियाशील व्यक्तिमध्येबाट २महिला २ पुरुष गरि ४ जना सदस्य

घ. कार्यपालिकाले तोकिएको कर्मचारी सदस्य सचिव

**५.४ कार्यान्वयन समिति/कार्यदल/आयोगको काम, कर्तब्य र अधिकार** : दलित समुदायको उत्थान तथा अधिकार सम्बन्धि ऐन कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. यस ऐन बमोजिम योजना र बजेट निर्माण गरि कार्यान्वयन गर्ने ।

ख. ऐन कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गरि स्वीकृतिका लागि निर्देशन समितिमा पेश गर्ने ।

ग. निर्देशन समितिले दिएको नीति, निर्देश अनुसार योजना बनाई कार्यान्वयन गर्ने ।

घ. दलित समुदायको उत्थान तथा अधिकारको योजना बनाई सहयोग जुटाउने ।

ङ. यस ऐन अनुसार भए गरेका कामको आवधिक प्रतिबेदन बनाई निर्देशन समितिमा पेश गर्ने ।

च. स्थानीय संघसंस्था, सहयोगी व्यक्तिसंग सहकार्य बढाई अभियान प्रभावकारी बनाउने ।

छ. नगरपालिका अर्न्तगतका सरकारी निकायको योजना तथा बजेट समावेशी र समानुपातिक बनाउन सहजीकरण गर्ने ।

नगर सभावाट पारित मिति :-२०८० १० २५

प्रमाणिकरण मिति :-२०८० १० २५

भीम बहादुर चन्द

नगर प्रमुख

**६. ब्याख्या गर्ने अधिकार** :यस ऐनको कार्यान्वयन, ब्यख्या गर्ने अधिकार नगरकार्यपालिकालाई ऐन परिमार्जन तथा खारेज गर्ने अन्तिम अधिकार नगरसभालाई हुनेछ ।

**७. कर्तब्य** : यस ऐनको पालना गर्नु नगरपालिका अर्न्तगतका जनसमुदाय, जनप्रतिनीधि, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज सबैको कर्तब्य हुनेछ ।

**दलित जनप्रतिनीधिहरुको क्षमता बिकास** : दलित जनप्रतिनीधहरुको क्षमता बिकास मार्फत नगरपालिकाको नीति, योजना तर्जुमा र कार्यान्वयनमा पनि प्रभावकारीता ल्याउन क्षमता बिकास तालिमको आयोजना गरिएको थियो । जसमा निम्न बिषयमा छलफल भएको थियो ।

## दलित समुदायका मूल मुद्दा

**जातीय छुवाछूत तथा भेदभावजिविकाको अवसरबाट बञ्चित**

**कानूनले सिर्जना गरेको बिभेद**

| जात बिभाजन | सम्पत्ति आर्जनको प्रक्रिया |
|---|---|
| **पानि नचलन्या छोया छिटो हालनु नपर्न्या जात.**<br>• मुसल्मान्, धोवि, मधेसका तेलि, कुलु, कसाहि म्लेछ, कुसल्या, चुऱ्याडा<br>**पानि नचलन्या छिटो हालनु पर्न्या जात.**<br>• सार्कि, दमै, कामि, गाइन्या, चुनार, वादि, चुनारा, पोढ्या, हुर्क्या, च्याहृय षलक् | • गुठी,<br>• रैकर,<br>• बिर्ता,<br>• जागिर,<br>• सेरा |

**जातीय छुवाछूत कायम राख्ने बिभेदकारी कानूनी अभ्यास :**

- पानि नचलन्या जातले जाड रक्सी षाइ. वौल्हायाका वेलामा आफुभंदा चोषा जातका घरभित्र पसि छोइदियो र. माल षराव भयो भन्या विग्र्याका मालको विगो भराइ ५ रुपैया दंड गर्नु रुपैया नतिऱ्या कैद गर्नु.

- कृस्तान्मुसल्मान कामि सार्की दमै गैह्रले पानी नचलन्या जात र. छोइ छिटो स्मेत्हालनु पऱ्या जातले छोयाको अनाजमा उसिन्याको र. भुटयाको वाहेक अरु कुट्या पिट्याको छोडायाको अनाज गह्रै भयो. पानी. पऱ्या वाहेकको काचो माछा मासु भयो तमाषु भयो. अत्तरफलेल गुलाफपानी गैह्र षुसवै आउन्या कुरो भयो. मसला गैह्र भयो. सुगंध आउन्या फल फलुल चिज वस्तु. गैह्र छोयाको हवस् इन्का घर. भित्रराष्याको हवस्. विटुलो हुदैन. एति कुरा इन्हेरूले छोयाको इन्लाइ नछोइ अलग वसि षान हुंछ षान्यालाइ पतिया पनि गर्नु. पर्दैन दंड पनि हुदैन.

- जनै नपाउन्या जातका लाइ जनै लाउन्या जातको छोरो हो भनि सर्कारका हुकुम वाहेक अरु कसैले जनै दियेछ भन्या जनै लाउन्याको जनै झिकि उसै जातमा मिलाइ दिनु. जनै दिन्यामा मुष्य जो हो उसैलाइ ६० रुपैया व्रतवंध गराउन्या प्रोहितलाइ र. मंत्र सुनाउन्या गुरुलाइ ५।५ रुपैया दंड गर्नु. नतिऱ्या अैन वमोजिम्कैद गर्नु.

नगर सभावाट पारित मिति :-२०८० १० २५

प्रमाणिकरण मिति :-२०८० १० २५

भीम बहादुर चन्द

नगर प्रमुख

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**शक्तिले बचाएको जात व्यवस्था :**

- १९२२ साल ज्येष्ट वदि ६ रोज ३ देषि उप्रान्त. उपाध्या ब्राह्मणले जाड रक्सि र दालचिनि सुँतला अम्वा आप कटहर. फल फुल जरिवुटि गैह्रको अरष स्मेत्. षाया भन्या र. भताहालाइ भात्मा वोरेछ भन्या उस्को अंससर्वस्व गरि जनै झिकि भात वाहेक गरि मतवालि जात्मा मिलाइ छाडि दिनु. पानि चल्छ आफुले षाइ अरुलाइ वोरेको रहेनछ भन्या सर्वस्व हुदैन. जनै झिकि भात वाहेक गरि. मतवाली जातमा मिलाइ छाडि दिनु. पानि चल्छ. अंग्रेजी जात जातका सराफ षाइ अरुलाइ भात पानिमा वोरेछ भन्या उस्को अंस सर्वस्व गरि जनै झिकि भात पानि वाहेक गरि पानि नचलन्या जातमा मिलाइ छाडि दिनु. आफुले मात्र षायेछ अरुलाइ भात पानिमा वोऱ्याको रहेनछ भन्या सर्वस्व हुदैन. जनै झिकि भात पानी वाहेक गरि पानि नचलन्या जातमा मिलाइ दिनु.
- १९२२ साल ज्येष्ठ वदि ६ रोज ३ देषी उप्रान्त. रजपूत जैसि क्षेत्री तागाधारि जातले दाल चिनि सुँतला अमवा आप कटहर. फलफुल जरिवुटि गैह्रको अरषढाकचाले षायाको भया २० रुपैया दंड गर्नु. जागिऱ्याले षायाको भया जागीर षोसि वर्षास गरि दिनु. जात जादैनन्. भात पानि चल्छ.

**जात व्यवस्था बिरुद्ध बहसका बिषय :**

- कानूनका आधारमा जात मान्ने हो भने आँप, अम्वा, कटहर, दालचिनि खाने ब्राह्मणलाई के गर्ने ? (बि.सं. १९१० को मुलुकी ऐन)
- कामका आधारमा जात मान्ने हो भने ब्राह्मणले गर्ने काम जम्मा ६ वटा । (पढ्ने पढाउने/दान लिने दान दिने/यज्ञ गर्ने, यज्ञ गराउने) राजनीति सेवा हो, शुद्रले मात्र गर्न पाउँछ । (पण्डित नारायण पोखरेल)
- जनैलाई आधार मान्ने हो भने बिधि पुऱ्याएको देखिदैन (शुद्ध ठाउँमा उमारेको कपास, सधवा नारीले कातेको धागो, ७ दिनसम्म तामाको खडकुलोमा राखेर मन्त्र भरेको जनै लगाउनुपर्छ । (डा. जगमान गुरुङ -प्रज्ञाप्रतिष्ठानका उपकुलपति)
- संस्कृतिका आधारमा मान्ने हो भने जात अनुसारको पर्व तोकिएका छन, त्यसैमा रहनुपर्छ । ( दशै क्षत्रीयहरुको, तिहार बैश्यहरुको, होली शुद्रहरुको, जनैपुर्णिमा ब्राह्मणहरुको । (डा. जगमान गुरुङ -प्रज्ञाप्रतिष्ठानका उपकुलपति)
- देवीदेवताको आधारमा मान्ने हो भने धेरैजसो ठाउँमा ठूला शक्तिपिडहरु दलित पाएको इतिहास छ । -निंगलाशैनी, उग्रतार, जगन्नाथ)

**जातीय बिभेद बिरुद्धको आन्दोलन :**

- १९१८ देखि नै दलित अगुवाहरुले जातीय छुवाछूत बिरुद्ध बिद्रोह गरेका छन । ईलामका काले दमाई, तह्रथुमका गोपाल लमजेल, वाग्लुङ्का भगत सर्वजीत बिश्वकर्मा, स्याङ्जाका लाल बहादुर परियार, रिपलाल बिश्वकर्मा, हिक्मत सिहं बिश्वकर्मा, गोथी बसेलको अगुवाई थियो ।
- १९२५ सालमा सन्त ज्ञानदिल दाशले नेपाली समाजमा जात खेज्ने भनेर सिंगला बजारमा राँको बाललेर हिंडेका थिए ।

नगर सभावाट पारित मिति :-२०८० १० २५
प्रमाणिकरण मिति :-२०८० १० २५

भीम बहादुर चन्द
नगर प्रमुख

मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

- १९९७ सालमा बिदुषी योगमायाले ५४ जना अनुयायी सहित नेपालको बिभेद बिरुद्ध सामुहिक देहत्याग गर्नु भएको थियो ।
- १९३४ देखि १९९७ सम्म बझाङ्गी राजा जयपृथ्वी बहादुर सिंहले मानतावदी अभियान चलाएर दलितहरुले समान अधिकार पाउनुपर्ने कुरा दरवारमा उठाएका थिए ।
- २००४ सालमा बिश्व सर्वजन संघ गठन भई संगठित रुपमा जातीय बिभेदका विरुद्ध अभियान शुरु भयो ।
- २००९ सालमा भीम दत्त पन्तले जातीय बिभेद बिरुद्ध दलितहरुलाई संगठित गरि अभियान बिद्रोहमा सहभागि गराएका थिए ।
- २०२५ सालमा पृथ्वीराज अवस्थीले हलो जोतेर, डाली प्रथा बिरुद्ध अवाज उठाएर जातीय बिभेद बिरोधी अभियान चलाएका थिए ।
- २०३६ सालमा पुरन सिंह दयालले उत्पीडित जातीय उत्थान मञ्च मार्फत जातीय बिभेद बिरुद्धको अभियान चलाए ।
- २०४७ सालको राजनीतिक परिवर्तन पछि बिभिन्न सामाजिक संस्थाहरुले जातीय बिभेद बिरुद्ध जागरण ल्याए ।
- २०५२ मा शुरु भएको सशस्त्र जनयुद्धमा जातीय बिभेदको मुद्दाले अझ बलियो । २०५८ देखि २०६२ सम्म भएको सांस्कृतिक रुपान्तरण अभियान मार्फत जातीय बिभेद बिरुद्ध सशक्त अभियान सञ्चालन भयो ।
- २०६३ पछि दलितहरुले जातीय समानताका साथै राज्यका हरेक निकायमा समावेशी सहभागिताको माग उठाई अभियान सञ्चालन गरे ।

## दलित आन्दोलनका अवसर :

**संबैधानिक व्यवस्था :**

**२९. शोषण विरुद्धको हक :** (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।

(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।

**४०. दलितको हक :** (३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ ।

(६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ ।

**४२. सामाजिक न्यायको हक :** (२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।

नगर सभाबाट पारित मिति :-२०८० १० २५

प्रमाणिकरण मिति :-२०८० १० २५

भीम बहादुर चन्द

नगर प्रमुख

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।

**४६. संवैधानिक उपचारको हक :** यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ ।

**४७. मौलिक हकको कार्यान्वयन :** यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानूनी व्यवस्था गर्नेछ

**सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति :**

(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,

(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी दृढ तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,

(९) अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

**जातीय भेदभाव तथा छुवाछूत कसुर सजाय ऐन :**

- जातीय भेदभाव तथा छुवाछूत गर्नेलाई ३ महिना देखि ३ वर्षसम्म कैद र १ हजार देखि २५ हजारसम्म जरिवाना ।
- जातीय छुवाछूत गर्न प्रोत्साहन गर्नेलाई १ म्हनिादेखि १वर्षसम्म कैद र ५ सय १० हजारसम्म जरिवाना ।

**जातीय भेदभाव तथा छुवाछूत कसुर सजाय ऐन :**

- जातीय भेदभाव तथा छुवाछूत गर्नेलाई ३ महिना देखि ३ वर्षसम्म कैद र १ हजार देखि २५ हजारसम्म जरिवाना ।
- जातीय छुवाछूत गर्न प्रोत्साहन गर्नेलाई १ म्हनिादेखि १वर्षसम्म कैद र ५ सय १० हजारसम्म जरिवाना ।

**राष्ट्रिय भूमि आयोग र महत्वपूर्ण कानूनी ब्यवस्था :**

**क्षेत्र वर्गीकरण :**

- **नगरपालिका :** शहरी क्षेत्र, शहरउन्मूख क्षेत्र, ग्रामीण क्षेत्र ।
- **गाउँपालिका :** शहरी क्षेत्र, शहरउन्मूख क्षेत्र, ग्रामीण क्षेत्र र गाउँपालिकाको सदरमुकाम क्षेत्र ।

**बितरण हुने जग्गाको क्षेत्रफल : (भूमिहीन दलित र भूमिहीन सुकुम्बासीका लागि निशुल्क)**

नगर सभाबाट पारित मिति :-२०८० १० २५
प्रमाणिकरण मिति :-२०८० १० २५

भीम बहादुर चन्द
नगर प्रमुख

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

- आवासका लागि शहरी क्षेत्रमा १३० वर्गमिटर (साढे ७ धुर)
- आवासका लागि ग्रामीण क्षेत्र : ३४० वर्गमिटर (एक कट्ठा)
- कृषिका लागि ग्रामीण क्षेत्र : २००० वर्गमिटर (करीब ६ कट्ठा)

**अव्यवस्थित बसोवासीका लागि राजस्व लिई बितरण गरिने क्षेत्रफल :**

- आवासका लागि शहरी क्षेत्रमा १३० वर्गमिटर (साढे ७ धुर)
- आवासका लागि ग्रामीण क्षेत्र : १००० वर्गमिटर (करीब ३ कट्ठा)
- कृषिका लागि ग्रामीण क्षेत्र : १०००० वर्गमिटर (३० कट्ठा)

**स्थानीय तहमा जिविकोपार्जनका लागि गर्न सकिने प्रयास :**

- राष्ट्रिय भूमि आयोगको कायीबधि अनुसार भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोवासीलाको व्यवस्थापन ।
- खाली जग्गामा सिमान्तकृत समुदायको पहुँच बृद्धि । सरकारी, सार्वजनिक तथा नीजि जग्गा उपयोगको बिधि बनाई कार्यान्वयन ।
- (यसका लागि आफ्नै परिवेशमा आधारित भूमि नीति, ऐन, बिषयगत कार्यबिधि निर्माण र कार्यान्वयन)
- **स्वायत्त क्षेत्र घोषणा गर्न सकिने** : कुनै जाती, भाषा, संसकृति वा समुदायको बाहल्यता भएको क्षेत्र ।
- **बिशेष क्षेत्र घोषणा गर्न सकिने : आर्थिक तथा भौगोलिक रुपमा पिछडिएको क्षेत्र ।**
- **संरक्षित क्षेत्र घोषणा गर्न सकिने** : लोपोन्मुख जाती समुदायको संरक्षणका लागि आवश्यक क्षेत्र।

**बजेट व्यवस्थापन :**

- बित्तिय समानीकरण :
- सशर्त :
- बिशेष :
- समपुरक :
- राजस्व बाँडफाँट

**स्थानीय तहको कामलाई सहयोग पुग्ने संबैधानिक व्यवस्था :**

नगर सभाबाट पारित मिति :-२०८० १० २५
प्रमाणिकरण मिति :-२०८० १० २५

भीम बहादुर चन्द
नगर प्रमुख

- ५९. आर्थिक अधिकारको प्रयोग : (१) संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने छन्।
- ६०. राजस्व स्रोतको बाँडफाँड : (१) संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेछन्।
- २१८. गाउँ कार्यपालिका र नगर कार्यपालिकाको कार्य सञ्चालन : गाउँ कार्यपालिका र नगर कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।
- २२१. स्थानीय तहको व्यवस्थापिकीय अधिकार : (१) यस संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहनेछ ।
- २२६. कानून बनाउन सक्ने : (१) गाउँ सभा र नगर सभाले अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानून बनाउन सक्नेछ । (२) उपधारा (१) बमोजिम कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ ।

**सफलताका अनुभव**

- संगठन, संघर्ष र व्यवस्थापन
- जिम्मेवारी अनुसारको सक्रियता
- निरन्तरको संघर्ष अवसर दावी
- तथ्यगत अध्ययन र नीतिगत ज्ञान
- सिर्जनशील काम र अभियान
- जागरण र खबरदारी
- जनशक्ति परिचालन र राजनीतिक सम्बन्ध
- साहस, एकता र धैर्यता
- सकारात्मक सन्देश दिने प्रयास

**चुनौती :**

- आफ्नैबाट काममा लापरवाही/धोका
- सेवाप्रदायकबाट पक्षपात
- समाजबाट बञ्चितिकरण
- राज्यबाट बिरोधभाषपूर्ण निर्णय

**निश्कर्ष:** यो कार्यक्रम दलित समुदायका अधिकारलाई योजनाबद्ध रुपमा कार्यान्वयनका लागि आधार निर्माण गर्ने अवसरको रुपमा रह्यो । यसले कुन समुदायमा के गर्ने र त्यसको कार्यान्वयन प्रक्रिया के हुने भन्ने खाका दिएको छ भने आफ्नो समुदायको हक अधिकारका लागि आफ्नो स्थानीय सरकारमा रही निर्वाह गर्नुपर्ने भूमिकाबारे जनप्रतिनीधिहरु जानकार भएका छन ।

मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

नगर सभाबाट पारित मिति :-२०८० १० २५
प्रमाणिकरण मिति :-२०८० १० २५

भीम बहादुर चन्द
नगर प्रमुख